सहमति
SAHAMATI
Gaindakot, Nawalparasi
(२०५८)
(An Institution Dedicated For Community Plus Humane Development)

# तेल मिल तथा सामग्री खरिदका लागि
# Terms of Reference (TOR)

2058
SAHAMATI

LUTHERAN WORLD RELIEF

**परिचय :**

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा विपद् उत्थानशील युवा महिला परियोजना नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रतापपुर र सुस्ता गाउँपालिका तथा गोर्खा जिल्लाको पालुङ्गटार नगरपालिका र शहिद लखन गाँउपालिकामा सञ्चालित छ। परियोजना विगतको समयमा गरिएका असल अभ्यासहरुको निरन्तरता र दिगोपना एवं १६ देखी ४० वर्ष उमेर समुहका युवाहरुलाई केन्द्रित गरी यो परियोजना सुरु गरिएको हो। युवाहरुलाई सीप विकास गराई उद्यम स्थापनामा सहयोग र सहजीकरण गर्ने लक्ष्य राखेको छ। विभिन्न विपद् र प्रकोपका कारण प्रभावित समुदायका लागि विपद् उत्थानशील उद्यमहरुमा लाग्न उत्प्रेरित गरी स्थानीय सरकारसँग समेत सहकार्य गर्दै कार्यसहभागिताको अपेक्षा राखेको छ। साथै यस परियोजनाको स्थानीय सामुदायिक विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिहरुको क्षमता विकास, सहकारीहरुको संस्थागत विकासमा समेत सहयोग गर्ने, उद्यमीहरुबाट उत्पादित कृषि तथा गैर कृषिजन्य उपजहरुको बजारीकरणका लागि बजार केन्द्रहरुको प्रवर्द्धन र विकास गर्ने, स्थानीय कृषि उपजहरुको प्रशोधन र ब्राण्डिंग गर्न सहजीकरण गर्ने, उद्यमीहरुको उद्यम दर्ता र स्थापनामा सहयोग गरी वित्तिय सेवामा पहुँच पुर्‍याउने एवं उद्यम विकास र बजारीकरणमा नीजि क्षेत्रको सहभागिता प्रवर्द्धन गर्ने उद्देश्य रहेको छ।

व्यवसायिक कृषि उत्पादनलाई प्रशोधन र ब्राण्डिंग गरी बजार प्रबर्धन तथा बजारीकरण गर्ने लक्ष्य रहेकाले परियोजनाले बजार केन्द्रको स्थापनाका लागि सहकारी मार्फत तेल मिलको स्थापना गरी बजारीकरण गर्न तेल मिल तथा सामग्री खरिद गरी सहयोग गर्ने लक्ष्य रहेकाले कृषि जन्य तथा मेशिनरी सामग्री बिक्रि वितरणका लागि नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरी सिलबन्दी बोलपत्र आह्वान गरिन्छ

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ।
२. अनुसूचीमा भएका गुणस्तर र परिमाण एवं तेल मिल सामग्रीहरु सँग सम्बन्धी विस्तृत विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ।
३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्र सुस्ता २ सतपत्तिसम्म सामग्रीहरु ढुवानी सेवा दिई मेशिन जडानको सेवा दिने भएमा ढुवानी तथा जडानको दरभाउ समेत खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ।
४. कम्पनी/फर्म/अधिकृत बिकेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले ६ दिन भित्र बोलपत्र पेश गर्नु पर्ने छ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन।
५. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ।
६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन। कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ। कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ।

सहमति
SAHAMATI
Gaindakot, Nawalparasi
(२०५८)
(An Institution Dedicated For Community Plus Humane Development)

# तेल मिल तथा सामग्री खरिदका लागि
# Terms of Reference (TOR)

2058
SAHAMATI

LUTHERAN WORLD RELIEF

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

**११ आवश्यक सामग्रीहरुको विवरण तथा परिमाण**

| क्र.स. | सामग्रीहरु | ईकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | तेल मिल<br>Oil Expeller 6 and 9 Bolt Cold Press Method | थान | १ सेट | |
| २ | तेल फिल्टर<br>Centrifugal oil filter | थान | १ सेट | |

नोट : खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा **"तेल मिल तथा सामग्री"** लेखी मिति २०८१/०१/०२ गते तदनुसार 14th April, 2024 बेलुका ५:०० बजेभित्र परियोजना तथा सहमति सम्पर्क कार्यालय, कुडिया सुस्ता २ नवलपरासी एवं शहिद लखन गाँउपालिका वडा नं रामशाहघाट गोर्खा वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासीमा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

सामाग्रीहरुको विवरण र परिमाण TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेलः procurement@sahamati.org वा संस्थाको वेभसाइटः http://sahamati.org.np-with-us/notice/बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित रहनेछ ।

सहमति
SAHAMATI
(२०५८) Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)

2058 SAHAMATI

सहमति SAHAMATI (२०५८) Gaindakot, Nawalparasi (An Institution Dedicated For Community Plus Humane Development)

LUTHERAN WORLD RELIEF

## अनुसूचि - १ तेल मिल तथा सामग्रीको दर भाउ तथा मुल्य सूचि

| क.स. | विवरण | अनुमानित आवश्यक परिमाण | ब्राण्ड तथा स्पेसिफीकेशन | ईकाई | प्रति ईकाई मुल्य अकंमा कर सहित | प्रति ईकाई मुल्य अक्षरमा कर सहित | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तेल मिल Oil Expeller<br>No of Screws: 9 Bolt<br>Machine Type: Commercial Expeller<br>Capacity: 1-5 Ton / Day<br>Operation Type: Automatic<br>Usage/ Application: Mustard, Peanut, Soybean Oil. (Including installation charge/ operated motor 20 HP and other equipment + Transportation) | १ सेट | | १ सेट | | | |
| २ | तेल मिल Oil Expeller<br>No of Screws: 6 Bolt<br>Machine Type: Commercial Expeller<br>Capacity: Per hours 70-100kg<br>Operation Type: Automatic<br>Usage/ Application: Mustard, Peanut, Soybean Oil. (Including installation charge/ operated motor 15-20 HP, Filter, Collection Tank, Self-starter, Self-heat, cool press method, and other equipment + Transportation)<br>Filter, Motor Pulley, Machine Belt, Foundation Plate/Machine Stands -सहित हो या होईन सो उल्लेख गर्ने, यदि होईन भने ती सामग्रीको विवरण र मुल्य छुटटै दिनुपर्ने | १ सेट | | १ सेट | | | |
| ३ | तेल फिल्टर<br>Centrifugal oil filter<br>Capacity tank: 25Ltr, Motor 1.5KW 2HP, Minimum output 10Ltr/ Time | १ थान | | १ थान | | | |

**नोट**

१. खरिद गरिने सामग्रीहरुको परिमाण थप घट हुन सक्नेछ ।

सहमति SAHAMATI (२०५८) Gaindakot, Nawalparasi (An Institution Dedicated For Community Plus Humane Development)

सहमति
SAHAMATI
(२०५८) Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)



२. भैरहवा, बुटवल, बर्दघाट, दांग, नेपालगञ्ज, परासी, नारायणगढ क्षेत्रमा मर्मतका क्रममा Screw र पार्टसहरु पाइन्छ या पाईदैन, मिस्त्रीहरु उपलब्ध हुन्छ हुँदैन खुलेको हुनुपर्नेछ, साथै उल्लेख गरिएका बजार सहरमा यदि मेशीनका पार्टपुर्जा उपलब्ध हुँदैन भने हुँदैन भनेर उल्लेख हुनुपर्नेछ ।

➢

३. हालसम्म सो मेशीन भैरहवा, बुटवल, बर्दघाट, दांग, नेपालगञ्ज, परासी, नारायणगढ या सो आसपासका क्षेत्रमा जडान भए नभएको, हालसम्म नेपालमा कुन संख्यामा जडान भएको छ, सो खुल्ने विवरण आवश्यक हुनेछ, ४ मेशिन जडान, मिल चलाउने व्यक्तिलाई तालिम अभिमुखीकरण हुन्छ हुँदैन सो खुलाउनुपर्नेछ ।

➢

५. प्रतिघण्टा विद्युत खपत के कति हुन्छ, युनिटमा खुलाउनुपर्नेछ ।

➢

६. मेशिनको आवाज के कति आउँछ र वरिपरि कति दुरीसम्म असर गर्दछ सो खुलाउन्पर्ने । *(सकिन्छ भने कति डेसिवल को साउण्ड निकाल्छ सो समेत)*

➢

७. मेशीन मुल्यमा कुनकुन अन्य आवश्यक सामाग्री उपलब्ध हुन्छ या नहुने भए कुनकुन हुन्न छुटटै किन्नुपर्ने भएमा के कति पर्छ सो खुल्नुपर्ने ।

➢

सहमति
SAHAMATI
(२०५८) Gaindakot, Nawalparasi
(An Institution Dedicated For Community Plus Humane Development)

2058 SAHAMATI

LUTHERAN WORLD RELIEF

८. मेशीन लगातार कति घण्टासम्म काम गर्नसक्छ या ब्रेक के कति समयमा लिनपर्ने या नपर्ने खुलाउनु पर्नेछ ।

➢

९. मेशिनको "रिसेल मुल्य/भ्यालु" के कस्तो रहेको छ या हुने नहुने गरेको के छ खुलाउनुपर्नेछ ।

➢

१० मेशीनको बडी, फिल्टर आदि Iron or Steel-Made के हो खुल्नुपर्नेछ ।

➢

नाम :

हस्ताक्षर :

छाप :

मिति :

सहमति SAHAMATI (२०५८) Gaindakot, Nawalparasi (An Institution Dedicated For Community Plus Humane Development)